# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बाग्मती प्रदेश, नेपाल

आ.व.: २०७८।०७९
च.नं. :

**स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको संशोधित सूचना**

**चौथो पटक प्रकाशित मिति : २०७८।०८।२२**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ)(२) र यस सिद्धलेक गाँउ कार्यपालिकाको मिति २०७८।०७।२३ गतेको निर्णय अनुसार,सिद्धलेक गाउँपालिकाको चालु आ.व २०७८।०७९ को बाँकी अवधिको लागि गाउँपालिका क्षेत्र भित्र तपसिलका स्थानीय ग्रामीण सडकहरुबाट **स्थानीय सडक पूर्वाधार सेवा शुल्क** संकलन ठेक्का माध्यमवाट गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधीनमा रही निम्नानुसारको कूल अंकमा नघट्ने गरी वढावढको माध्यमवाट रीतपूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिएको हुँदा ईच्छुक फर्म वा कम्पनीवाट फर्म नवीकरण प्रमाण पत्र, आ.व. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि करदर्ता प्रमाण पत्र, कारवाही वा कालो सूचीमा नपरेको स्वघोषण प्रमाण पत्रहरुको प्रतिलिपि संलग्न गरी सिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

आ.व.२०७८।७९ को बाँकी अवधिको लागि स्थानीय सडक पूर्वाधार सेवा शुल्क ठेक्का सम्वन्धमा

| क.सं | आय ठेक्का नं | क्लष्टर | | सडकको नाम | ठेगाना | संशोधित न्युनतम अंक (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|---|---|
| १ | ०२।२०७८।०७९ | नलाङ क्लष्टर | क | बैरैनी-कालीदह-पिपलनलाङ-ठाँटी-कमलावारी सडक | सिद्धलेक १,२ र३ | २,६७,०००। |
| | | | ख | बेलटार-ठाँटीभञ्ज्याङ सडक | सिद्धलेक २ | |
| | | | ग | डुम्रेखोला-छापागाउँ-गहते सडक | सिद्धलेक १ | |
| | | | घ | बुङचुङ-तारनलाङ-ठाँटीभञ्ज्याङ सडक | सिद्धलेक १ र २ | |
| | | सलाङ क्लष्टर | क | बुङचुङ-आरुवास-भेडावारी-मैदान सडक | सिद्धलेक ४ | १७,०७०। |
| | | | ख | फिस्टार-चापटी-गौंथले-आरुवास सडक | सिद्धलेक ४ र ६ | |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

आ.व.: २०७८।०७९
च.नं. :

**स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन सम्वन्धी शर्तहरु**

१. दरभाउपत्र फाराम यो सूचना प्रकासित भएको मितिले ७ औ दिन कार्यालय समय भित्र यस कार्यालयको कुमारी बैंक लिमिटेड बुङचुङ शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०८१००३५१२३१००००५ मा फारम दस्तुर वापत रु १०००। (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखि वा यस कार्यालको राजश्व शाखामा नगदै दाखिला गरी दरभाउपत्र खरिद गर्नुपर्ने छ ।

२. ८ औ दिनको १२:०० बजे भित्र उल्लेखित कुल अंकमा नघट्ने गरि शिलबन्दी सहित दरभाउपत्र पेश गरि सक्नुपर्ने छ । सोहि दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधीको उपस्थितीमा गाउँपालिकाको कार्यालयमा शिलवन्दी दरभाउपत्रहरु खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । रितपूर्वक नभएको दरभाउपत्रहरुको मूल्यांकन गरिने छैन ।

३. दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ धरौटी बापतको रकम कवुल गरेको कूल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको कुमारी बैंक लिमिटेड बुङचुङ शाखामा रहेको धरौटी खाता नं. ०८१००३५१२४६०००००१ धरौटी खातामा जम्मा गरी सक्कल भौचर शिलबन्दी दरभाउपत्र संलग्न हुनुपर्ने छ ।

४. प्रचलित कानून बमोजिम लाग्ने कर, मु.अ.कर तथा शुल्कहरु ठेक्का लिने व्यक्ति वा संस्था स्वयंले तिर्नुपर्ने छ ।

५. तोकिएको दररेट भन्दा बढी दरमा कर उठाउन पाईने छैन ।

६. स्थानीय सडक पूर्वाधार सेवा शुल्क सरकारी, एम्बुलेन्स, विद्यालय, कुटनीतिक नियोग र संस्थानका सवारी साधनहरुबाट शुल्कउठाउन पाईने छैन ।

७. कुल कबोल अकलाई २ किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कूल कबोल अंकको ५०% रकम र थप बाकी ५०% को बैक जमानत सम्झौता हुनुअगावै पेश गर्नुपर्नेछ । बैक जमानत पेश गर्न नसके पुरै कवोल अंक अग्रीम दाखीला गरी सम्झौता गर्न सकिनेछ ।

८. प्रथम किस्ता वापतको रकम यस कार्यालयको आन्तरिक राजश्व खाता नं ०८१००३५१२३१००००५ मा दाखिला गरेको सक्कल बैक भौचर पेश भएपछि सम्झौता गरिने छ । ठेक्का सदर भएको व्यक्तिले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ ।

९. दरभाउपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट,मिनाहा,माफी दिईने छैन । शर्तमा उल्लेख नभएका अन्यकुराहरु नियमानुसार हुनेछ ।

१०.दरभाउपत्र वडावडको माध्यम भएकोले सबै भन्दा वढी कबोल गरेको दरभाउपत्र स्वीकार हुनेछ ।

११.उठाउन पाउने कर तथा शुल्कको दर शिलवन्दी दरभाउपत्र फाराममा उल्लेख भएको हुनेछ । यस सम्वन्धी थप बुझ्नुपर्ने भएमा सिधै गाउँपालिकाको कार्यालयमा सर्म्पक गरी वा गाउँपालिकाको website: www.siddhalekmun.gov.np मा पनि हेर्न सकिन्छ ।

२०७८।११।२१

प्रमुख प्रशासकीय अधिकृत

आर्थिक सम्वृद्धि विकासको लागि पूर्वाधार" - सिद्धलेक गाउँपालिकाको मूल आधार"

Scanned with CamScanner